रजिष्टर्ड नं. २२१४८३/०७६/०७७

भ्याट नं. ३०४५६५५३७

# सर्वोत्तम सिमेन्ट लिमिटेड

Ref No: SCL/LEG/8283/0062

मिति :२०८२/०९/०६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबारप्लाजा, काठमाण्डौ
नेपाल ।

बिषय :- सातौं वार्षिक साधारण सभाको निर्णय जानकारी गराएको सम्वन्धमा ।

महोदय,

उपरोक्त विषयमा यस सर्वोत्तम सिमेन्ट लिमिटेडको सातौं वार्षिक साधारण सभा मिति २०८२ मंसिर २६ गते शुक्रबारको दिन रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका भैरहवा स्थित होटल सिद्धार्थ भिलासामा सम्पन्न भएको र साधारण सभाबाट पारित निम्न निर्णय विवरणहरु तहाँ कार्यालयको अभिलेखको लागि यसै पत्र साथ साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

संलग्न कागजातहरु :

१) सातौं वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपी ।

भवदीय,

SARBOTTAM CEMENT LTD. 2019

कमल कुमार भारती
कम्पनी सचिव

कर्पोरेट अफिस:
न्यौपाने टावर, ५औं तल्ला, तिनकुने, काठमाण्डौ, नेपाल
फोन नं. ०१ ४१११५४२, ४१११७०५
ईमेल: info@sarbottamcement.com
वेबसाइट: www.sarbottamcement.com

Factory:
सुनवल नगरपालिका, वडा नं. ११
जोडेनी, नवलपरासी
ईमेल: factory@sarbottamcement.com

# सर्बोत्तम सिमेन्ट लिमिटेड

## को

## सातौं वार्षिक साधारण सभाको

## निर्णय माइन्युट (विवरण)

सभा मिति : २०८२/०८/२६

समय : बिहान ११: ०० बजे

स्थान : होटल सिद्धार्थ भिलासा, रुपन्देही जिल्ला भैरहवाको सभाहल ।

## सर्बोत्तम सिमेन्ट लिमिटेडको
## सातौं (आ.व. २०८१।८२) साधारण सभाको
## काम-कारवाहीको विवरण (माइन्युट)

**१. सभाको अध्यक्षता :**

कम्पनी ऐन २०६३ र यस कम्पनीको स्वीकृत नियमावली बमोजिम बोलाइएको सातौं वार्षिक साधारण सभा सञ्चालक अध्यक्ष श्री विष्णु प्रसाद न्यौपानेज्यूको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय पारित गरियो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०८२ साल मंसिर २६ गते , शुक्रबार (तदनुसार १२ डिसेम्वर २०२५)

स्थान : होटल सिद्धार्थ भिलासा, रुपन्देही जिल्ला भैरहवाको सभाहल ।

समय : बिहान ११:०० बजे ।

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार वार्षिक साधारण सभा हुने, स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि "नेपाल समाचार पत्र" राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०८/०३ गते पहिलो पटक र मिति २०८२/०८/१५ गते दोस्रो पटक गरी वार्षिक साधारण सभा बस्ने बारे २ पटक सूचना प्रकाशित गरिएको थियो । साथै कम्पनीको सातौं वार्षिक साधारण सभामा उपस्थिती, जानकारी तथा आमन्त्रणको लागि पत्राचार समेत पठाईएको थियो ।

संस्थाले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको सर्बोत्तम सिमेन्ट लिमिटेडको सातौं वार्षिक प्रतिवेदन शेयर सदस्यलाई पठाउनुको साथै संस्थाको वेबसाईट http://sarbottamcement.com मा समेत राखिएको थियो ।

सर्बोत्तम सिमेन्ट लिमिटेडको सातौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड र लेखापरीक्षकलाई अनुरोध गरी पत्राचार गरिएको थियो।

**४.यस साधारण सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :**

**(क) सामन्य प्रस्ताव**

१) कम्पनीको सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८१/०८२ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुँजीको १५% का दरले हुन आउने रु ७४,६३,२५,०००।- ( अक्षरुपी चौहत्तर करोड त्रिसठ्ठी लाख पच्चिस हजार रुपैंया मात्र) लाभांश कर सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने सम्वन्धमा ।

SARBOTTAM CEMENT LTD. 2019

५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोबार बिबरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

६) विविध

**(ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८१।८२ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुँजी रु ४,९७,५५,००,०००।- को ५% का दरले हुन आउने रु २४,८७,७५,०००।- ( अक्षरुपी चौविस करोड सतासी लाख पचहत्तर हजार रुपैंया मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने । उक्त बोनश शेयर वितरण गर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने सम्बन्धमा ।

२) सञ्चालकहरुलाई मासिक पारिश्रमिक, बैठक भत्ता तथा उप समिति बैठक भत्ता सम्बन्धमा ।

३) प्रस्तावीत बोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुंजीमा प्रभाव परी पुंजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन पारित गर्ने सम्बन्धमा।

४) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन फेरबदल वा थपघट गर्न कुनै सुझाव निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५) विविध ।

**५. सभामा उपस्थिति :**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :**

| | | | |
|---|---|---|---|
| १. | श्री विष्णु प्रसाद न्यौपाने | - | अध्यक्ष |
| २. | श्री विमल कुमार सावरथिया | - | संचालक |
| ३. | श्री टिकाराम न्यौपाने | - | संचालक |
| ४. | श्री विनय खरेल | - | संचालक |
| ५. | श्री तेन्जिङ्ग लाक्देन तामाङ | - | संचालक |
| ६. | श्री शिव सिंह काकी | - | संचालक |
| ७. | श्रीमती नेहा अग्रवाल | - | सञ्चालक |

**५.२ व्यवस्थापन पदाधिकारी :**

| | | | |
|---|---|---|---|
| १. | श्री सन्तोष के.सी. | - | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री कमल कुमार भारती | - | कम्पनी सचिव/ कानून विभाग प्रमुख |
| ३. | श्री बृज भुषण भादवान | - | उद्योग/कारखाना विभाग प्रमुख |
| ४. | श्री सुनिल मल्ल | - | बिक्री विभाग प्रमुख |
| ५. | श्री अशोक कुमार ठाकुर | - | खानि विभाग प्रमुख |
| ६. | श्री नेत्र घिमिरे | - | उद्योग/कारखाना प्रशासन विभाग प्रमुख |
| ७. | श्री निर्मल बुढाथोकी | - | लेखा विभाग प्रमुख |
| ८. | श्री गोपाल सारडा | - | ब्राण्ड एण्ड मार्केटिङ्ग विभाग प्रमुख |
| ९. | श्री रसिका भण्डारी | - | कानून विभाग सदस्य |

**५.३ अन्य :**

१. श्री बब्लु गुप्ता प्रतिनिधि शेयर रजिष्ट्रार (एनआईएमवी क्यापिटल)

SARBOTTAM CEMENT LTD. 2019

## ५.४. जम्मा उपस्थित :

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : १४५ जना, शेयर संख्या : ३,६९,३५,४२६ थान
२. प्रतिनिधि मार्फत उपस्थित : ७ जना, शेयर संख्या : २४,४३,९६४ थान
३. जम्मा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या : १५२ जना, शेयर संख्या : ३,९३,७९,३९० थान
४. उपस्थित प्रतिशत : ७९.१४ प्रतिशत

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप) :

कम्पनीका ७९.१४ प्रतिशत शेयरधनी महानुभावहरु स्वयं वा प्रोक्सी मार्फत सभामा उपस्थित रहनु भएकाले कम्पनी ऐन २०६३ तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम कम्पनीको सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पुगेको जानकारी गराउदै कम्पनी सचिवले सभाको कार्य अगाडि बढाउनुभयो ।

## ७. सभाको वैधानिकता :

७.१ कम्पनी ऐन, २०६३ तथा यस कम्पनीको स्वीकृत नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या कूल शेयर संख्याको ७९.१४ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको साथै प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएकोले रितपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

७.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सञ्चालकहरु तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउदै आसन ग्रहणको लागि अनुरोध गरी सभाको कार्य अगाडि बढाउनुभयो ।

७.३ यस कम्पनीको स्वीकृत नियमावलीमा प्रावधान भए बमोजिम सञ्चालक समितिका अध्यक्षज्यूले सभाको अध्यक्षता गर्दै कम्पनीको सातौं वार्षिक साधारण सभालाई औपचारिक रुपमा सुरुवात गर्नु अघि सम्पूर्ण उपस्थित महानुभावहरुमा नेपालको राष्ट्रिय गानमा सम्मान सहित सरिक हुन अनुरोध गर्दै, मञ्चको अगाडि रहेको पानसमा बत्ति बालेर शुभारम्भ गर्नका लागि अध्यक्षज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

७.४ सभाका अध्यक्षज्यूबाट औपचारिक रुपमा सभाको शुभारम्भ भए पश्चात् कम्पनीको सातौं वार्षिक साधारण सभाको काम कारबाही प्रारभ्म भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुती :

सर्वप्रथम अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी लगायत सभामा उपस्थित सम्पूर्ण महनुभावहरुलाई स्वागत गर्नुभयो । अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार अध्यक्षज्यूले साधारण सभामा आफ्नो मन्तव्य तथा आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा बाचन गरी सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो । यस सभा समक्ष सभा समक्ष प्रस्तुत मुख्य मन्तव्यमा प्रतिकुल बजारको अवस्थामा समेत यस कम्पनीले गत आ.व. रु ९,५३७,३३३,५१८।६६ (अक्षरुपी नौ अर्व त्रिपन्न करोड त्रिहत्तर लाख तेत्तीस हजार पाँच सय अठार रुपैंया छैसठी पैसा) मूल्य बराबरको सिमेन्ट तथा क्लिङ्कर विक्री गरी रु १,०२८,२४४,२३७।६७ ( अक्षरुपी एक अर्व दुई करोड बयासी लाख चौवालीस हजार दुई सय सैतिस रुपैंया सतसठ्ठी पैसा) बराबरको खुद मुनाफा आर्जन गर्न सफल भएको सभा समक्ष पेश गर्नुभयो ।

SARBOTTAM CEMENT LTD. 2019

सिमेन्ट तथा निर्माण सामाग्रीहरुको समग्र बजार कारोवारको दृष्टिकोणले आ.व. २०८१/०८२ सन्तोषजनक भएको जानकारी सभा समक्ष पेश गर्नुभयो । यसरी उतारचढावहरुलाई व्यवस्थापन गर्दै यस वर्ष सर्वोत्तम सिमेन्ट लिमिटेडले गत आ.व. २०८१।८२ सम्मको संचित मुनाफा रकमबाट शेयरधनी महानुभावहरुलाई कम्पनीले चुक्ता पुँजी को ५% बोनस र १५% (लाभांश कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको सभा समक्ष जानकारी गराउनुभयो । आगामी दिनहरुमा समेत शेयरधनी महानुभावहरुलाई उच्च प्रतिफल दिन प्रयासरत रहेको विश्वास दिलाउदै व्यवसायीक प्रतिवद्धता र रणनितिक योजनाहरु प्रभावकारी रहेको अध्यक्षज्यूले साधारण सभामा जानकारी गराउनु भयो । साथै आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा छलफलका लागि पेश गर्नुभयो ।

९. **सहभागी शेयरधनी महानुभावहरुमा छलफलको लागि आह्वान :**

कम्पनीको आ.व. ०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सञ्चालक अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भएको थियो ।

१०. **छलफलमा सहभागी भई वा लिखित रुपमा सुझाव दिनहुने शेयरधनी महनुभावहरुको नाम :**

१. श्री छविरमण भट्टराई
२. श्री यमलाल भट्टराई
३. श्री माधव पाण्डे

११. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारार्श :**

- शेयरधनीज्यूले कम्पनी ऐनले तोकेको समयभित्र कम्पनीको साधारण सभा आयोजना गर्न सफल भएकोमा शुभकामना व्यक्त गर्नुभयो ।
- वार्षिक प्रतिवेदन उत्साहजनक रहेको र देशको प्रतिकुल अवस्थाका बिच प्रतिवेदनले शेयरधनिलाई उत्साहित बनाएको छ । सर्वोत्तम सिमेन्ट नाम जस्तै देशकै सर्वोत्तम सिमेन्ट कम्पनी बन्नकालागि सफलताको शुभकामना व्यक्त गर्नुभयो ।
- कम्पनीले आफ्नो देशभरि रहेका उद्योगहरुबाट उत्पादित सिमेन्टको ब्राण्डिङ्ग तथा भारत निर्यात तथा बिक्री वितरणको योजनाको सम्वन्धमा जिज्ञासा राख्नुभयो ।
- डेडिकेटेड ट्रंक लाइनको विवादमा के कसो भएको हो भन्ने सम्बन्धमा समेत जिज्ञासा राख्नुभयो ।

१२. **सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षज्यूले दिनु भएको जवाफ :**

अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृत ज्यूले सभामा सहभागी शेयरधनी महानुभावहरुले कम्पनी प्रति दर्शाउनुभएको सद्भाव र यस साधरणसभामा उत्साहपूर्वक छलफलमा सहभागी भई कम्पनीलाई रचनात्मक सुझाव र मार्गदर्शन प्रदान गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुले उठाउनु भएका विभिन्न विषय तथा जिज्ञासाको क्रमस जवाफ दिनुभयो ।

अध्यक्षज्यूले कम्पनीले आफ्नो उद्योगबाट उत्पादित सबै ब्राण्डहरुका सिमेन्टलाई नेपालको सिमेन्ट बजारमा स्थिापित गरेको र उद्योगबाट उत्पादित सबै ब्राण्डहरु गुणस्तरिय रहको हुँदा, मुल्यवान ब्राण्डहहरुलाई निरन्तरता दिने योजना रहेको समेत सभालाई जानकारी गराउनु भयो । छलफलका क्रममा वक्ताहरुबाट

SARBOTTAM CEMENT LTD. 2019

राखिएका मन्तव्य तथा सुझावहरु आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षज्यूले सभा समक्ष व्यक्त गर्नुभयो ।

**साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो ।**

**१३. सामान्य प्रस्ताव सम्बन्धी सभाको छलफल तथा निर्णयहरु :**

**१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने :**

सञ्चालक समितिको तर्फबाट वार्षिक साधारण सभामा प्रस्तुत भएको आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल पश्चात् पारित गर्न अध्यक्षबाट निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत्सम्बन्धी अनुसूचीहरु समेत पारित गरियोस भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ मा भएको व्यवस्था अनुसार आ.व. २०८२/८३ को बाह्य लेखापरिक्षक नियुक्तिको लागि लेखा परिक्षक श्री त्रिशिला एण्ड एसोसिएट्सलाई यस कम्पनीको लेखापरिक्षक नियुक्त हुन योग्य देखिएकोले आगामी आर्थिक वर्ष २०८२/८३ को लागि रु १०,००,०००।- (रुपैंया दश लाख मात्र) (कर बाहेक) पारिश्रमिक रहने गरी बाह्य लेखापरिक्षकमा नियुक्तीको निर्णयका लागि सभा समक्ष पेश भएकोमा सभाले उत्त प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

**४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८१/०८२ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुंजीको १५% का दरले हुन आउने रु ७४,६३,२५,०००।- ( अक्षरुपी चौहत्तर करोड त्रिसठ्ठी लाख पच्चिस हजार रुपैंया मात्र) लाभांश कर सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने ।**

कम्पनीमा कायम शेयरधनीहरुलाई कम्पनीको चुक्ता पुँजी रु चुक्ता पुँजी रु ४,९७,५५,००,०००।- को **१५% का दरले हुन आउने रु ७४,६३,२५,०००।- ( अक्षरुपी चौहत्तर करोड त्रिसठ्ठी लाख पच्चिस हजार रुपैंया मात्र) लाभांश कर सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव** स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले उत्त प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

**५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोबार बिबरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।**

कम्पनी ऐन २०६३ को दफा ९३ को व्यवस्था अनुसार आ.व. २०८१/८२ मा यस कम्पनीका सञ्चालक र निजको नातेदार संलग्न रहेको कम्पनीसंग यस कम्पनीले गरेको अर्थपुर्ण कारोबारलाई स्वीकृतिको लागि यस सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले उत्त प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

SARBOTTAM CEMENT LTD. 2019

६) **विविध**

**विविध शीर्षक उपर छलफल गर्न कुनै पनि प्रस्ताव दर्ता नभएकोले कम्पनी ऐनमा व्यवस्था भए बमोजिम साधारण सभाको निर्णय पुस्तिका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने ब्यहोरा सभालाई जानकारी गराईयो ।**

**(ख) <u>विशेष प्रस्तावहरु :</u>**

**१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८१।८२ सम्मको मुनाफा रकमबाटकम्पनीको चुक्ता पुँजी रु ४,९७,५५,००,०००।- को ५% का दरले हुन आउने रु २४,८७,७५,०००।- (अक्षरुपी चौविस करोड सतासी लाख पचहत्तर हजार रुपैंया मात्र) बराबरको बोनश शेयर वितरण प्रस्ताव छलफल गरी पारित गर्ने । उक्त बोनश शेयर वितरणगर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने सम्बन्धमा ।**

कम्पनीको आ.व. २०८१।८२ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुँजी रु ४,९७,५५,००,०००।- को ५% का दरले हुन आउने रु २४,८७,७५,०००।- (अक्षरुपी चौविस करोड सतासी लाख पचहत्तर हजार रुपैंया मात्र) बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव छलफल गरी स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव पारित गरियो । साथै उक्त बोनश शेयर वितरणगर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने प्रस्ताव छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

२) **सञ्चालकहरुलाई मासिक पारिश्रमिक, बैठक भत्ता तथा उप समिति बैठक भत्ता सम्बन्धमा ।**

यस प्रस्तावका सम्बन्धमा कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम यस कम्पनीमा हाल कायम रहेका सञ्चालकहरुको मासिक परिवहन, पत्रपत्रिका तथा संञ्चार भक्ता बापत रु १०,०००/- (अक्षरुपी दस हजार मात्र) बैठक भत्ता बापत सञ्चालक अध्यक्षलाई प्रति बैठक भत्ता रु १२,०००/- (अक्षरुपी बान्ह हजार मात्र) सञ्चालक सदस्यलाई प्रति बैठक भत्ता रु.१०,०००/- (अक्षरुपी दस हजार मात्र) प्रदान गर्ने र उप समिती सदस्यलाई प्रति बैठक भत्ता रु ८,०००/- (अक्षरुपी आठ हजार मात्र) प्रदान गर्ने प्रस्तावलाई छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३) प्रस्तावीत बोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजीमा प्रभावपरी पुँजीबृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धमा ।

**<u>प्रबन्धपत्रको संसोधन : दफा ६</u>**

कम्पनीको पूँजीको संरचना : कम्पनीको पूँजी संरचना देहाय बमोजिम हुनेछ ।

ख) कम्पनीको तत्काल जारी पूँजी रु. ५,२२,४२,७५,०००/-(अक्षरुपी पाँच अर्ब बाइस करोड बयालिस लाख पचहत्तर हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका ५,२२,४२,७५० (पाँच करोड बाइस लाख बयालिस लाख सात सय पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) कम्पनीको चुक्ता पूँजी रु. ५,२२,४२,७५,०००/-)अक्षरुपी पाँच अर्ब बाइस करोड बयालिस लाख पचहत्तर हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका ५,२२,४२,७५०(पाँच करोड बाइस लाख बयालिस लाख सात सय पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

घ) कम्पनीको जारी पूँजी मध्यको ८७.०९६% अर्थात ४,५५,०१,३४६(चार करोड पच्पन्न लाख एक हजार तीन सय छयालिस) थान शेयर संस्थापक समुहमा र १२.९०४% अर्थात ६७,४१,४०४ (सत्तसाठी लाख एकचालिस हजार चार सय चार) थान शेयर सर्वसाधारणका लागि छुट्याएको छ ।

यस सभामा प्रस्वावित बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित भए पश्चात् कम्पनीको हाल कायम रहेको जारी तथा चुक्ता पुंजीमा बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने प्रस्तावलाई पारित गरियोस भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट यस प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।

SARBOTTAM CEMENT LTD. 2019

४) **कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन फेरबदल वा थपघट गर्न कुनै सुझाव निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने क्रममा नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि यस कम्पनीका सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने निर्णय निर्णय गरियो ।

५) **विविध**

१. कम्पनीमा कार्यरत सञ्चालकहरुलाई गत आ.व. २०८१/८२ मा पारिश्रमिक भत्ता/बैठक भत्ता वापत भुक्तान गरिएको रु. ४८,८१,३२०।-।- (अक्षरुपी अठचालिस लाख एकासी हजार तीन सय बिस रुपैँया मात्र) रकमलाई अनुमोदन गर्नको लागि सभा समक्ष पेश भएकोमा सञ्चालकहरुलाई भुत्तान गरीएको तलबभत्ता वापतको रकम सभाले अनुमोदन गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२. सञ्चालक समितिले आर्थिक वर्ष २०८१/०८२ मा गरेका निर्णयहरू अनुमोदन गर्ने लगागतका कार्यलाई पारित गरियोस भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट यस प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।

**१४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

यस सभामा अन्य छलफलको विषय वस्तु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सभामा श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, श्री सीडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, उद्योग विभाग र खानी तथा भूगर्भ विभाग, वन तथा भुसंरक्षण विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, उद्योगलाई कर्जा उपलब्ध गराउने बैंकहरु, सम्बन्धित प्रदेश सरकारहरु, खास गरी लुम्बिनी प्रदेश सरकार, स्थानीय सरकार, सुनवल नगरपालिका तथा खानी क्षेत्र रहेका पाल्पा जिल्लाका गाँउपालिकाहरु, सर्वोत्तम सिमेन्टका वितरक एवं ग्राहकहरु, विगतदेखि सर्वोत्तम सिमेन्ट प्रयोग गरिरहनुभएका सबै वर्गका निर्माण व्यवसायीहरु, कम्पनीहरु कम्पनीको प्रगतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न सबै तहका कर्तव्यनिष्ठ कर्मचारीहरु प्रति विशेष धन्यवाद एवं शुभेच्छुक महानुभावहरुलाई संचालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यवाद ज्ञापन गर्न्दै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कम्पनीकोको वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ........................ | SARBOTTAM CEMENT LTD. 2019 | ........................ |
| श्री कमल कुमार भारती | | श्री बिष्णु प्रसाद न्यौपाने |
| कम्पनी सचिव | | अध्यक्ष |